नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

# जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, रसुवा

## DISTRICT COVID-19 CRISIS MANAGEMENT CENTER, RASUWA(DCCMC)

बैठक संख्या:- ३९ (०७७/७८),
बैठक मिति:- २०७८।०३।१७ गते,
स्थान:- जिल्ला प्रशासन कार्यालय, रसुवा ।

आज मिति २०७८।०३।१७ गते प्रमुख जिल्ला अधिकारी एवं जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, रसुवाको संयोजक श्री ईश्वरी प्रसाद ढकालज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बैठकबसी निम्नानुसारका निर्णय गरियो ।

**उपस्थिति:**

**सल्लाहकार:**

| | | |
|---|---|---|
| श्री कैसाङ नुर्पु तामाङ | अध्यक्ष | गोसाईकुण्ड गाउँपालिका प्रमुख |

**जिल्ला समिति:**

| | | | |
|---|---|---|---|
| श्री ईश्वरी प्रसाद ढकाल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | संयोजक |
| श्री मीना अर्याल | जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समितिको कार्यालय | सदस्य |
| श्री टिकाराम चौलागाई | सेनानी | श्री विष्णु दल गण, ब्राबल ब्यारेक,धुन्चे | सदस्य |
| श्री देवेन्द्र पाण्डे | प्रहरी नायव उपरीक्षक | जिल्ला प्रहरी कार्यालय | सदस्य |
| श्री लभ कुमार सापकोटा | सशस्त्र प्रहरी नायव उपरीक्षक | स.प्र.बल नेपाल नं.२० गुल्म धुन्चे | सदस्य |
| श्री सविन श्रेष्ठ | प्रमुख अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | सदस्य |
| श्री बसन्त चालिसे | स्वास्थ्य शिक्षा अधिकृत | स्वास्थ्य कार्यालय, रसुवा | सदस्य |
| श्री भुवनराज के.सी. | कार्यालय प्रमुख | रसुवा अस्पताल, धुन्चे | सदस्य |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

**निर्णयहरुः**

१. स्वास्थ्य कार्यालय, रसुवालाई प्राप्त भएको ३००० डोज (१५०० जना) भेरोसेल खोप यस जिल्लामा मिति २०७८।०३।२३ गतेदेखि चीनसँग सिमाना जोडिएका गाउँपालिकाका १८ वर्ष माथिका लक्षित समूहहरुलाई गोसाईकुण्ड गाउँपालिकाको टिमुरे स्वास्थ्य चौकी र आमाछोदिङ्गो गाउँपालिकाको थाम्वुचेत स्वास्थ्य चौकीबाट निम्न प्राथमिकताका आधारमा लगाईनेछ।

निम्नः

नेपाली सेना(स्याफ्रु, टिमुरे) - ७५
शिक्षक(गोसाईकुण्ड, आमाछोदिङ्गो गा.पा.) - ३५०
जलविद्युत आयोजनामा कार्यरत कामदार - १७२ (सिनो हाईड्रो-१३०, लाङटाङ खोला-३५, रसुवागढी-७)
भन्सार चेकपोष्टमा र पेट्रोल पम्फ काम गर्ने मजदुरहरु - ३०
अशक्त(क, ख वर्ग मात्र)(गोसाईकुण्ड, आमाछोदिङ्गो गा.पा.) - १००

जम्मा -७४० डोज

२. अन्तर्राष्ट्रिय नाका, जिल्ला सदरमुकाम पर्ने भएको हुनाले बाँकी ७६० डोज खोप गोसाईकुण्ड गाउँपालिकालाई ६० प्रतिशत(४५६ डोज) र आमाछोदिङ्गो गाउँपालिकालाई ४० प्रतिशत (३०४ डोज) लगाईने

३. १८ वर्ष नाघेका व्यक्तिहरुले खोप लगाउन आउँदा आफ्नो नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहित सम्बन्धित वडा अध्यक्षको सिफारिस अनिवार्य लिई आउनुपर्ने। साथै, जलविद्युत आयोजनाको कामदारको हकमा सम्बन्धित आयोजनाको पत्र, शिक्षकहरु र अशक्तहरुको हकमा सम्बन्धित गाउँपालिकाको सिफारिस पत्र अनिवार्य रुपमा ल्याउनुपर्ने।

४. उक्त खोप अभियानमा जिल्ला प्रहरी कार्यालय, रसुवाले आवश्यक सुरक्षा व्यवस्था मिलाउने।

५. मिति २०७८।०२।२५ गते भेरोसेल पहिलो डोज लगाएका व्यक्तिहरुलाई मिति २०७८।०३।२२ गते निम्न स्वास्थ्य केन्द्रहरुबाट बिहान १०:०० बजेदेखि ४:०० बजेसम्म खोप लगाउनेः

निम्नः

| क्र.सं. | गाउँपालिका | स्वास्थ्य संस्था तथा खोप केन्द्र | खोप सेसन सञ्चालन | कैफियत |
|---|---|---|---|---|
| १ | उत्तरगया | डाँडागाउँ स्वास्थ्य चौकी | मिति २०७८।०३।२२ | |
| | | ठूलोगाउँ स्वास्थ्य चौकी | | |
| | | लहरेपौवा स्वास्थ्य चौकी | | |
| | | बोगटीटार सा.स्वा. इकाई | | |
| २ | कालिका | राम्चे स्वास्थ्य चौकी | | |
| | | जिवजिवे ग्रामिण अस्पताल | | |
| | | कालिका सा.स्वा. इकाई | | |
| ३ | नौकुण्ड | यार्सा स्वास्थ्य चौकी | | |
| | | पार्च्याङ स्वास्थ्य चौकी | | |
| | | भोर्ले स्वास्थ्य चौकी | | |
| ४ | गोसाईकुण्ड | थुमन स्वास्थ्य चौकी | | |

| क्र.सं. | गाउँपालिका | स्वास्थ्य संस्था तथा खोप केन्द्र | खोप सेसन सञ्चालन | कैफियत |
|---|---|---|---|---|
| | गोसाईकुण्ड | टिमुरे स्वास्थ्य चौकी | मिति २०७८।०३।२२ | |
| | | बृद्धिम स्वास्थ्य चौकी | | |
| | | स्याफ्रुवेशी स्वास्थ्य चौकी | | |
| | | धुन्चे स्वास्थ्य चौकी | | |
| ५ | आमाछोदिङ्गो | हाकु स्वास्थ्य चौकी | | |
| | | गोल्जुङ स्वास्थ्य चौकी | | |
| | | गत्लाङ स्वास्थ्य चौकी | | |
| | | थाम्बुचेत स्वास्थ्य चौकी | | |

६. गृह मन्त्रालय, गुनासो व्यवस्थापन शाखाको च.नं. ६११, मिति २०७८।०३।१६ गतेको "परिपत्र सम्बन्धमा" को पत्रसाथ प्राप्त नेपाल सरकार, कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, सिंहदवार काठमाडौको निर्देशन बैठकलाई जानकारी भयो। उक्त पत्रानुसार कोभिड-१९ सम्बन्धी जन गुनासो एवं सिकायतहरु प्रापत हुन आएमा सुक्ष्म निरीक्षण तथा छानबिन गरी दोषी पाईएमा कडा कानूनी कारवाही गर्ने।